REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 05.03.2025

## CM Foundation Stone

मुख्यमन्त्री प्रेमसिंह तामाङ्ले आज सिलगढ़ी स्थित एसएनटी परिसरमा सिक्किम बस बिसौनी स्थल, स्वास्थ्य रक्षा केन्द्र र अतिथि गृह भवनको आधारशिला राख्नुभयो।

यसले सिक्किम आउने यात्रीहरू, सरकारी कर्मचारीहरू र रोगी व्यक्तिहरूलाई दीर्घकालीन लाभ प्राप्त हुने बताइएकोछ।

शिलान्यास समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो स्वास्थ्य उपचार र आवश्यक कामका लागि सिलगढी धाउने सिक्किमका मानिसहरूको सुविधाका लागि अतिथि गृह व्यवसल्था, सिलगढ़ी वरपर भएका विभिन्न विभागका क्षेत्रीय कार्यालयलाई एकै ठाँउमा ल्याउन अनि एसएनटी बस र ट्याक्सी टर्मिनसको स्तर बढाउने उदेश्यले वहु उद्देश्यीय भवन निर्माण गरिने भएको हो।

उहाँले भन्नुभयो सिक्किम स्वास्थ्य हेरचाह केन्द्रबाट मानिसहरू विशेष गरी गरीबी रेखा मुनिका परिवारहरू लाभान्वित हुनेछन्।

श्री तामङ्ले यो पूर्वाधार विकास परियोजनामा सहयोगका लागि पश्चिम बंगाल सरकार, मुख्यमन्त्री ममता ब्यानर्जी र सिलगढ़ी नगर निगमका मेयर गौतम देवप्रति आभार प्रकट गर्नुभयो।

कूल एक सय सन्तानब्बे करोड़ रूपियाँको खर्चमा निर्माण हुने नयाँ कार्यालय परिसरको निर्माण कार्य दुई वर्ष भित्रमा पूरा हुने आशा छ।

समारोहमा अन्यबाहेक राज्य विधानसभा अध्यक्ष एम एन शेर्पा, मन्त्रीगण र विधायकहरूको उपस्थिती थियो।

## LS MP

लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले आज सिभोकदेखि रम्फुसम्म राष्ट्रिय मार्ग 10 को रखरखाउबारे चर्चा गर्न राष्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम ¯NHIDCL का कार्यकारी निदेशक रितेन कुमार सिंहसित भेट गर्नुभयो।

उहाँले वर्षा याम आउन लागेको कुरोलाई ध्यानमा राख्दा सुचारू सम्पर्क व्यवस्था सिक्किमका लागि मुख्य चुनौती रहेको बताउनु भयो।

यसअघि श्री सुब्बाले आज सड़क परिवहन तथा राजमार्ग मन्त्रालयका मुख्य अभियन्ता आदित्य प्रकाशसित पनि भेट गरी राष्ट्रिय मार्ग 10 को देखरेख तथा  मरम्मति सम्वन्धमा विचारविमर्श गर्नुभयो।

## RARI workshop

अनुसन्धान कार्य पद्धति तथा वैज्ञानिक लेखनमाथि दुई दिवसीय कार्यशाला गान्तोकमा आज देखि आरम्भ भएको छ।

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान गान्तोकले यसको आयोजना गरिरहेछ। उद्घाटन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै सिक्किम मणिपाल चिकित्सा विज्ञान संस्थानका डीन डा. मुरलीधर भी. पाईले भन्नुभयो आयुर्वेद पौराणिक कालदेखिनै प्राथमिक चिकित्सा रँहदै आएको छ र आयुर्वेदले मानिसहरूमा बलियो प्रतिरक्षा क्षमता निर्माणमा सहयोग पुर्याउँछ।

आफ्नो वक्तव्यमा क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थानका सहायक निदेशक प्रभारी डा. अचिन्त्य मित्रले सहयोगात्मक अध्ययनका लागि शिक्षा संस्थानहरूसित अनुसन्धानकर्ता र शोध संस्थानहरूको सम्वन्ध स्थापित गर्नु कार्यशालाको उदेश्य हो।

## Philatelic Exhibition

सिक्किम डाक प्रबागद्वारा गान्तोकमा आयोजित दुई दिने लामो जिल्ला स्तरीय डाक टिकट प्रदर्शनी कञ्चनजङ्घापेक्स 2025 हिजो सम्पन्न भयो।

पहिलो दिनको कार्यक्रममा सर टाशी नाम्गेल र aerospace इञ्जीनियर स्टीफन स्मिथप्रति सम्मान जनाउँदै सिक्किम रकेट मेलको नब्बे वर्षमाथि अनि दोस्रो दिन सिक्कमको राज्य पतली Blue Duke माथि विशेष आवरण जारी गरियो।

विभिन्न पाठशालाहरू अनि उत्तर बंगाल र सिक्किमका प्रमुख डाक टिकट सङ्ग्रहकर्ताहरूको प्रदर्शन, पत्र लेखन, डाक टिकट डिजाइन प्रतियोगिता, डाक टिकट संग्रह  कार्यशाला, प्रश्नोत्तर प्रतियोगिता र सांस्कृतिक कार्यक्रम दुई दिनसीय समारोहका अन्य आकर्षण थिए।

## Nationwide Run

सिक्किमका धावक शान्तिराम नेपालको राष्ट्रब्यापी दौड़ आजदेखि शुरू भएकोछ।

मुख्यमन्त्री प्रेमसिंह तामङले आज बिहान झण्डी हल्लाएर उहाँलाई प्रस्थान गराउनुभयो।

श्री नेपालको दौड़मा भारतका 29 राज्यहरू समावेश हुनेछन्।

आफ्नो वक्तव्यमा मुख्यमन्त्रीले भन्नुभयो यो महत्वाकांक्षी प्रयासले धावकको व्यक्तिगत सम्पर्ण मात्र होइन तर प्रगति र एकताका लागि सिक्किमको प्रतिबद्धता दर्शाउनेछ।

## Weather

राज्यमा आज पूर्वान्हसम्म दिन घमाइलो भएको हुँदा मानिसहरूलाई कम्ती जाड़ोको अनुभव गरायो र बजारमा पनि निकै चहलपहल देखियो।

स्थानीय मौसम विज्ञान विभागले भोलि तापमानमा अझै बृद्धि हुने अनुमान गरेको छ गान्तोक र वरपर क्षेत्रमा भोलि अधिकतम तापमान अठार डिग्री सेल्सियस र न्यूनतम तापमान दस डिग्री सेल्सियस रहनेछ।

आज अधिकतम तापमान पन्ध्र दशमलउ दुई डिग्री सेल्सियस रेकार्ड गरियो।